ऐन संख्या : ३-२०७८/७९

नगर सभाबाट पारित मिति : २०७८/१०/१७ गते

# राजापुर नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८

राजापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

राजापुर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

# राजापुर नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८

**प्रस्तावनाः**

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भई राजापुर नगरपालिकामा कामकाज गर्न खटिए पश्चात साबिकको स्थानीयसेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको समायोजन नभएको कारण राजापुर नगरपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्वत् २०६५ सालदेखि विज्ञापन र बढुवा नहुँदा हाल स्थानीय सेवाका कर्मचारीहरुको वृत्ति विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेतलाई आधार मानी नगरपालिकाको सेवामा कार्यरत रहेका र अन्य स्थानीय तहबाट सरुवा भई नगरपालिकामा पदस्थापन भएका कर्मचारीहरुको समायोजन गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम राजापुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "राजापुर नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८" रहेकोछ।

(२) यो ऐन राजापुर राजपत्रमा प्रकाशित भएको मितिदेखी प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कर्मचारी" भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको राजापुर नगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी कर्मचारी र निजामती सेवा तथा अन्य स्थानीय निकायवाट समायोजन भई राजापुर नगरपालिकामा पदस्थापन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले राजापुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ।

(घ) "नगर सभा" भन्नाले राजापुर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च) "स्थानीय सेवा" भन्नाले राजापुर नगरपालिकामा रहेका कर्मचारीको साविकमा नियुक्ति भएको सेवा समूहलाई सम्झनु पर्छ।

(छ) "नगरपालिका" भन्नाले राजापुर नगरपालिकालाई सम्झनु पर्छ।

(ज) "स्थानीय कानुन" भन्नाले राजापुर नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ।

(झ) "समायोजन" भन्नाले कर्मचारीलाई यस ऐन वमोजिम स्थानीय सेवाको पदमा पदस्थापन गर्ने कार्य सम्झनुपर्दछ।

(ञ) "स्थानीय सेवा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ वमोजिम कायम हुने राजापुर नगरपालिकाको स्थानीय सेवा भन्ने सम्झनुपर्दछ।

**३. कर्मचारीको विवरण तयार गर्ने :**

(१) राजापुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन गर्ने प्रयोजनको लागी कर्मचारी प्रशासन शाखाले यो ऐन राजापुर राजपत्रमा प्रकाशन भएपछि अनुसुची १ वमोजिमको ढाँचामा विवरण तयार गर्नुपर्नेछ।

**४. सुचना प्रकाशन गर्ने :**

(१) राजापुर नगरपालिकामा कार्यरत कर्मचारीलाई स्थानीय सेवाको पदमा समायोजन गर्ने प्रयोजनको लागी कर्मचारीवाट निवेदन माग गर्ने कम्तिमा ७ दिनको सुचना राजापुर नगरपालिकाले प्रकाशन गर्नेछ।

(२) कर्मचारीहरुले उपदफा (१) वमोजिम प्रकाशित सुचनामा तोकिएको अवधिभित्र अनुसुची २ वमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

**५. स्थानीय सेवामा कर्मचारी समायोजन गर्ने:**

(१) साविकको स्थानीय निकायको रुपमा गा.वि.स. मा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगरपालिकामा सरुवा, पदस्थापना भएका र यो ऐन जारी हुदाँका बखत नगरपालिकामा कार्यरत नगर सेवाका कर्मचारीहरुको समायोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम नगर सेवाका कर्मचारीहरुको समायोजन गर्दा विभागीय कारवाहीमा नपरेको, सहायक पाँचौं तहसम्मको कर्मचारीको हकमा पछिल्लो ३ वर्षको र सहायक पाँचौ तह भन्दा माथिको कर्मचारीको हकमा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मुल्याङ्कनमा कम्तिमा ९५ प्रतिशत अंक प्राप्त गरेका कर्मचारीको तपशीलको सेवा अवधि र शैक्षिक योग्यताका आधारमा देहाय वमोजिम तह मिलान तथा ग्रेड (तलव वृद्धि) कायम हुने गरी समायोजन गरिनेछ :

| सि. नं. | हालको श्रेणी वा तह | सेवा अवधि | शैक्षिक योग्यता | समायोजन हुने तह | समायोजन हुँदा कायम हुने ग्रेड |
|---|---|---|---|---|---|
| १ | सहायकस्तर तृतिय | ५ वर्ष भन्दा कम | — | सहायक स्तर तृतिय | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | | ५ वर्ष वा सो भन्दा वढी | एस.एल.सी वा सो सरह उतीर्ण | सहायकस्तर चौथो | — |
| | | ८ वर्ष वा सो भन्दा वढी | — | सहायकस्तर चौथो | — |
| २ | सहायकस्तर चौथो | ५ वर्ष भन्दा कम | — | सहायकस्तर चौथो | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | | ५ वर्ष वा सो भन्दा वढी | सहायकस्तर चौथो तहमा सेवा प्रवेश गर्दाको वखत तोकिएको न्युनतम शैक्षिक योग्यता | सहायकस्तर पाँचौं | — |
| | | ८ वर्ष वा सो भन्दा वढी | — | सहायकस्तर पाँचौं | — |
| ३ | सहायकस्तर पाचौं | ५ वर्ष भन्दा कम | — | सहायकस्तर पाँचौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | | ५ वर्ष वा सो भन्दा वढी | सहायक पाँचौं तहमा सेवा प्रवेश गर्दाको वखत तोकिएको न्युनतम शैक्षिक योग्यता | अधिकृतस्तर छैठौं | — |
| | | ८ वर्ष वा सो भन्दा वढी | — | अधिकृतस्तर छैठौं | — |
| ४ | अधिकृतस्तर छैठौं | ५ वर्ष भन्दा कम | — | अधिकृतस्तर छैठौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | | ५ वर्ष वा सो भन्दा वढी | अधिकृतस्तर तहमा सेवा प्रवेश गर्दाको वखत तोकिएको न्युनतम शैक्षिक योग्यता | अधिकृतस्तर सातौं | — |
| ५ | अधिकृतस्तर सातौ | ५ वर्ष भन्दा कम | — | अधिकृतस्तर सातौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | | ५ वर्ष वा सो भन्दा वढी | अधिकृतस्तर तहमा सेवा प्रवेश गर्दाको वखत तोकिएको न्युनतम शैक्षिक योग्यता | अधिकृतस्तर आठौं | — |

(३) उपदफा (२) बमोजिमको तह मिलानको पदनाम अनुसुची ३ मा उल्लेख भएवमोजिम हुनेछ।

(४) श्रेणीविहिन कर्मचारीहरुलाई समायोजन गर्दा खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप गरी समायोजन गरिनेछ।

(५) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन् ।

(६) यस ऐन वमोजिम नगर सेवाका कर्मचारी समायोजन गर्दा उपदफा (५) बमोजिम कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(७) दफा ५ मा जुनसकै कुरा लेखिएको भएतापनि उपदफा (२) वमोजिम समायोजन तहवृद्धि हुन आवश्यक पर्ने सेवा अवधि अनुसुची २ वमोजिमको ढाँचामा निवेदन दर्ता गर्ने अन्तिम दिनसम्मलाई गणना गरिनेछ । र यो सुविधा एकपटकको लागी मात्र उपलब्ध हुनेछ ।

**६. सहजीकरण तथा सिफारिस समिति :**

(१) कर्मचारी समायोजन गर्ने प्रयोजनार्थ संकलित निवेदन दफा ५ को उपदफा २ वमोजिम योग्य भए नभएको अध्यायन गरी सिफारिस गर्न देहाय वमोजिम एक समायोजन सहजीकरण तथा सिफारिस समिति रहनेछ ः

| | |
|---|---|
| (क) प्रशासन शाखा प्रमुख | संयोजक |
| (ख) प्राविधिक शाखा प्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको सहायक कर्मचारी | सदस्य सचिव |

**७. निर्देशन तथा समन्वय समिति :**

(१) कर्मचारी समायोजन सम्वन्धि कार्यमा आवश्यक निर्देशन तथा समन्वय गर्न देहाय बमोजिमको एक निर्देशन तथा समन्वय समिति रहनेछ :

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा १ वमोजिमको समितिले आवश्यक निर्देशन तथा समन्वयका अतिरिक्त दफा ६ वमोजिम सिफारिस नामावलीको अनुमोदन गर्नेछ ।

**८. समायोजनको पत्र दिनेः**

(१) दफा ७(२) वमोजिमको अनुमोदन पश्चात स्थानीय सेवामा समायोजित कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची–४ वमोजिमको ढाँचामा हुनेछ ।

**९. पदस्थापन गरिने :**

(१) यस ऐन वमोजिम समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरुलाई हाल स्वीकृत संगठन संरचना र दरवन्दी वमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।
(२) उपदफा (१) वमोजिम पदस्थापन भएको कर्मचारी अवकास भएमा उक्त पद स्वतः खारेज भई साविक वमोजिमकै पद कायम भएको मानिनेछ ।

**१०. समायोजन भएका कर्मचारीहरुको सेवा सुविधाः**

यस ऐन वमोजिम समायोजन भएका कर्मचारीहरुको तलब तथा अन्य सुविधा स्थानीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेवमोजिम हुनेछ ।

**११. पुल दरवन्दी सम्वन्धी व्यवस्थाः**

(१) दफा ५ वमोजिम समायोजन हुने कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नुपूर्बको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

**१२. जेष्ठताको गणनाः**

(१) यस ऐन वमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन हुनुपुर्वको तहमा काम गरेको अवधिलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।
(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुबिधा भने यो ऐन जारी भएपश्चात मात्र लागु हुनेछ ।

**१३. आवश्यक व्यवस्था मिलाउनेः**

यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**१४. विशेष व्यवस्था :**

नेपालको संविधान, २०७२ को धारा २८५ (३) अनुसार स्थानीय तहले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन वमोजिम विभिन्न सरकारी सेवाको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था रहेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ वमोजिम त्यस्तो सेवाको गठन, सञ्चालन, व्यवस्थापन,

सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने व्यवस्था रहेकोले हाल गरिएको तह मिलान तथा स्तरवृद्धिलाई कर्मचारी उत्प्रेरणाको एउटा पाटोको रुपमा लिई भविष्यमा वन्ने त्यस्तो सिद्धान्त र मापदण्ड वमोजिम समायोजित गर्न कुनै वाधा नपर्ने सुनिश्चितता गरिन्छ ।

**१५. खारेजी र बचाउ :**

(१) यस भन्दा अगावै संघीय कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम समायोजन भएका साविक स्थानीय सेवाका कर्मचारीहरु र अव तहमिलान/स्तरवृद्धि हुने संघीय निजामति सेवा तर्फका कर्मचारीहरु यसै ऐन वमोजिम समायोजन भए गरेको मानिनेछ ।

(२) माथि दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन संविधान, संघिय कानुन, प्रदेश कानुन तथा आगमी दिनमा वन्ने स्थानीय सेवा ऐन, नियमावली सँग बाझिएमा बाझिएको हदसम्म अमान्ने भई उक्त दफाहरु स्वतः वदर हुनेछन ।

अनुसूची १

दफा ३ को उपदफा (१) सँग सम्वन्धित

**कर्मचारी विवरण संकलन गर्ने ढाँचा**

| सि.नं. | नाम | सेवा | समुह | पद | सुरु नियुक्ति मिति | हालको पदमा नियुक्ति मिति | हालको पदमा वहाल रहेको अवधि | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

........................
तयार गर्ने
प्रशासन शाखा प्रमुख

...........................
प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

**निवेदनको ढाँचा**

मिति : ....................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
राजापुर नगरपालिका, राजापुर, वर्दिया ।

**विषय : समायोजन तथा तह मिलान गरिपाउँ**

महोदय,

उपरोक्त सम्वन्धमा राजापुर नगरपालिकाको नगरसभाद्धारा पारित राजापुर नगरपालिकामा कार्यरत कर्मचारीको समायोजनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, "राजापुर नगरपालिका कर्मचारी समायोजन ऐन २०७८" को दफा ५ को उपदफा (२) वमोजिमको समायोजन तथा तहमिलान गरिदिनुहनु दफा ४ को उपदफा (२) को प्रयोजनार्थ यो निवेदन पेश गरेकोछु ।

**निवेदकको,**

हस्ताक्षर :

नाम :

पद :

**कार्यालयको तर्फवाट :**

दर्ता नं. :

मिति :

कार्यालय : राजापुर नगरपालिका

अनुसूची ३

दफा ५ को उपदफा (३) सँग सम्वन्धित

**समायोजन तहवृद्धि पश्चात कायम हुने पदनामहरु**

| सि. नं. | तह | पदनाम | | | |
|---|---|---|---|---|---|
| | | **प्रशासन सेवा तर्फ** | **Administrative Service** | **प्राविधिक सेवा तर्फ** | **Technical Service** |
| १ | सहायकस्तर चौथो | सहायक चौथो / कनिष्ठ सहायक / सह लेखापाल | Assistant 4th / Junior Assistant / Assistant Accountant | असिष्टेन्ट सव इञ्जिनियर | Assistant Sub Engineer |
| २ | सहायकस्तर पाँचौं | सहायक पाँचौं / बरिष्ठ सहायक /लेखापाल | Assistant 5th / Senior Assistant / Accountant | सव इञ्जिनियर | Sub Engineer |
| ३ | अधिकृतस्तर छैठौं | अधिकृत छैठौं / सहायक अधिकृत | Officer 6th / Junior Officer | अधिकृत छैठौं (इञ्जि)/सहायक इञ्जिनियर/बरिष्ठ सव इञ्जिनियर | Officer 6th(Eng.)/Assistant Engineer/Senior Sub Engineer |
| ४ | अधिकृतस्तर सातौं | अधिकृत सातौ / शाखा अधिकृत | Officer 7th/Section Officer | इञ्जिनियर | Engineer |
| ५ | अधिकृतस्तर आठौं | अधिकृत आठौं / बरिष्ठ अधिकृत | Officer 8th/Senior Officer | बरिष्ठ इञ्जिनियर | Senior Engineer |

अनुसूची ४

दफा ८ को उपदफा (२) सँग सम्वन्धित

राजापुर नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

राजापुर, वर्दिया

**समायोजन पत्र**

पत्र सख्या :

चलानी न.

मिति...................

श्री .................. ........................

**विषयः समायोजन गरिएको सम्वन्धमा।**

राजापुर नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८ बमोजिम ........................... देखि जेष्ठता लागु हुने गरी तपाईलाई राजापुर नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन तहमिलान (ग्रेड वृद्धि) गरिएको छ। साथै यो समायोजन तहमिलान (ग्रेड वृद्धि) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ अनुसार संघीय कानुन वमोजिम हुने स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड विपरित हुन गएमा स्वतः खारेज हुनेछ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ। समायोजन तहमिलान (ग्रेड वृद्धि) हुनु भएकोमा बधाई छ।

| साविकको विवरण | समायोजन पछिको विवरण |
|---|---|
| पद : | पद : |
| तह : | तह : |
| सेवा : नगर सेवा | सेवा : स्थानीय सेवा |
| समुह : | समुह : |

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, वुटवल .

श्री प्रदेश लोकसेवा आयोग, वुटवल।

श्री कर्मचारी संचय कोष, ठमेल।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर।

श्री लेखा शाखा, राजापुर नगरपालिका ।